# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, चैत्र २५ गते, २०७५ साल (अतिरिक्ताङ्क १५

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७५ सालको ऐन नं. २२

**<u>ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी ऐन</u>**

**प्रस्तावना:** गण्डकी प्रदेशका ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दीगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्या-पर्यटन प्रर्वद्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्याउनका लागि अधिकार सम्पन्न ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१.** <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **"ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको ताल संरक्षण तथा विकास प्राधिकरण सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले दफा ७ वमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "कार्यकारी प्रमुख" भन्नाले दफा १४ बमोजिमको कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "ताल" भन्नाले चारैतिरबाट जमिनले घेरिएको क्षेत्रमा जम्मा भएको पानी, सो पानीले ओगटेको क्षेत्र वा चारकिल्ला तोकिएको हकमा सो चारकिल्लाभित्रको सम्पूर्ण जमिनलाई जनाउँदछ । सो शब्दले पोखरी, जलाशय, कुण्ड र दह समेतलाई सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस अन्तर्गत बनेको नियम र विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३.** <u>**प्राधिकरण स्थापनाः**</u> (१)गण्डकी प्रदेशमा एक ताल संरक्षण तथा विकास प्राधिकरण स्थापना हुनेछ ।

(२) प्राधिकरणको कार्यालय गण्डकी प्रदेशको राजधानी पोखरामा रहनेछ ।

**४.** <u>**प्राधिकरण संगठित संस्था हुनेः**</u> (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्राधिकरणको काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्राधिकरणले अचल सम्पत्ति बेचबिखन गर्नु परेमा प्रचलित कानुन बमोजिम प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

**५. <u>प्राधिकरणको उद्देश्यः</u>** प्राधिकरणको उद्देश्य देहाय वमोजिम हुनेछः

(क) प्रदेशमा अवस्थित ताल र तालको जलाधार क्षेत्रको संरक्षण, पुर्नस्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्ने,

(ख) ताल क्षेत्रको नक्साङ्कन गर्ने, अतिक्रमण हटाउने तथा रोक्ने ।

(ग) तालजन्य स्रोतहरूको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पु¥याउने,

(घ) ताल क्षेत्रको दिगो व्यवस्थापन, पर्यापर्यटन तथा जलपर्यटन प्रर्वद्धन एवं सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्ने,

(ङ) ताल क्षेत्रको संरक्षण, नवनिर्माण र दीगो उपयोग सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पु¥याउने।

**६. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u>** (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ताल क्षेत्रहरुको पहिचान गर्दै पर्यावरणीय, सामाजिक-साँस्कृतिक, आर्थिक तथा पर्यटकीय महत्वका आधारमा प्राथमिकीकरण गरी त्यस्ता क्षेत्रहरुको संरक्षण, पुर्नस्थापना तथा व्यवस्थापन गर्ने,

(ख) ताल क्षेत्रको अतिक्रमण हटाई ताल क्षेत्र पुर्नस्थापना गर्ने,

(ग) तालले ओगटेको क्षेत्र तथा तालको जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नका लागि मापदण्ड तयार गरी लागू गर्ने र सो सम्बन्धी उत्पन्न विवादहरुको समाधान गर्ने,

(घ) आवश्यकताका आधारमा ताल पर्यावरणको संरक्षण गर्ने र घरेलु तथा औद्योगिक प्रदुषणबाट तिनको संरक्षण गर्ने,

(ङ) रैथाने जीवजन्तु तथा वनस्पतिहरुका प्रजातिलाई विस्थापित वा विनाश गर्ने वा एक ठाउँबाट अर्को ठाउँमा छिटो बिस्तार हुने वाह्य मिचाहा प्रजाति र अन्य हानिकारक जीवाणुहरुको प्रभावकारी नियन्त्रण गर्ने,

(च) भौगोलिक सूचना प्रणाली (जिओग्राफिकल इन्फरमेशन सिस्टम) मा वातावरणीय योजना र ताल क्षेत्रको नक्साङ्कन गर्ने,

(छ) अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन आवधिक योजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ज) तालको दीगो व्यवस्थापनका लागि जलाधार व्यवस्थापनका कार्यहरु एकीकृत रुपमा सञ्चालन गर्ने गराउने,

(झ) तालको जलाधार क्षेत्रमा सञ्चालन भइरहेका विकास निर्माणका कार्यक्रमहरुको नियमित अनुगमन गरी ताल पुरिन र मासिनबाट जोगाउने,

(ञ) ताल तथा तालको जलाधार क्षेत्रको पर्यावरणीय प्रभावको अध्ययन गर्ने,

(ट) जलवायु परिवर्तनका कारणले ताल क्षेत्रमा पर्ने असर सम्बन्धी समस्याको] पहिचान गरी असर न्यूनीकरण र अनुकुलनका लागि आवश्यक काम गर्ने,

(ठ) तालको पानीको गुणस्तर कायम गर्न नियमन र सुधार गर्ने,

(ड) तालको पानीलाई पिउने पानी, पर्यापर्यटन तथा जलपर्यटन विकास, व्यवसायिक मत्स्य पालन, सिंचाई, जलविद्युत, अध्ययन, अनुसन्धान, जल यातायात, जल मनोरञ्जन र अन्य प्रयोजनका लागि प्रयोग गर्न अनुमति दिने,

(ढ) ताल तथा तालको] जलाधार क्षेत्रसँग सम्बन्धित जल तथा भू-उपयोग योजना निर्माण, संरक्षण, सदुपयोग तथा व्यवस्थापनमा सहयोग पुर्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, विश्वविद्यालयसँग सहकार्य र समन्वय गरी अध्ययन, अनुसन्धान गर्ने,

(ण) ताल क्षेत्रमा रहेका वा आगन्तुक जीवजन्तु र वनस्पतिका प्रजातिको संरक्षण गर्न सम्बद्ध निकायहरुबीच आवश्यक सूचना आदान-प्रदान, साझेदारी र समन्वय गर्ने,

तर अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्दा प्रदेश सरकारको अनुमति लिनुपर्नेछ ।

(२) प्राधिकरणले ताल संरक्षणसँग सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

७. <u>कार्यकारी समितिः</u> (१) यस ऐन वमोजिम प्राधिकरणलाई तोकिएको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्न, गराउन एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय वमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) | गण्डकी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुखहरुमध्येबाट प्रदेश सरकारले मनोनित गरेको एक जना | उपाध्यक्ष |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (च) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (छ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको सम्वन्धित महाशाखा | सदस्य |
| (झ) | निर्देशक, वन निर्देशनालय, गण्डकी प्रदेश | सदस्य |
| (ञ) | ताल क्षेत्रमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय वा सरोकारवाला संघ संस्थाका प्रतिनिधि कम्तिमा एक जना महिला सहित दुई जना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ट) | वन-वातावरण, भू तथा जलाधार र पर्यटनका बिषय विज्ञ कम्तिमा एक महिला सहित तीन जना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ठ) | कार्यकारी प्रमुख, प्राधिकरण | सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) वमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(४) सम्बन्धित स्थानीय तहको प्रमुख र कुनै विषय विज्ञ वा पदाधिकारीको आवश्यकता परेमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

८. **समितिको बैठकः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **उपसमिति गठन गर्न सक्नेः** (१) समितिले आफ्नो कार्यसञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

**१०. <u>स्थानीय ताल संरक्षण समिति</u>**ः (१) आवश्यकता अनुसार स्थानीय तहमा ताल क्षेत्रको संरक्षण र विकासको लागि स्थानीय ताल संरक्षण समिति गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. <u>प्राधिकरणको कोषः</u>** (१) प्राधिकरणको छुट्टै कोष हुनेछ।

(२) प्राधिकरणको कोषमा देहायका रकमहरु रहनेछन्ः

(क) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(ख) विभिन्न दातृ संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान वा ऋण लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(४) प्राधिकरणलाई प्राप्त हुने सबै रकम प्रदेश भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्राधिकरणद्वारा गर्नुपर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) ताल संरक्षण तथा विकास प्राधिकरण कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ।

**१२. <u>लेखा र लेखापरीक्षणः</u>** (१) प्राधिकरणको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) प्राधिकरणको लेखापरीक्षण महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अनुमति प्राप्त रजिष्टर्ड अडिटरबाट हुनेछ।

**१३. <u>अधिकार प्रत्यायोजनः</u>** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार प्राधिकरणको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१४. <u>कार्यकारी प्रमुखः</u>** (१) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन र प्राधिकरणको कार्य सम्पादन गर्न प्राधिकरणमा एक कार्यकारी प्रमुख रहनेछ ।

(२) कार्यकारी प्रमुख प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी प्रमुख पदमा प्रतिस्पर्धाको आधारमा नियुक्त हुन सक्नेछ:-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट वन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन, प्राणीशास्त्र, बनस्पतिशास्त्र वा वातावरण विषयमा स्नातकोत्तर गरी सम्वन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको वा सोही बिषयमा विद्यावारिधी उपाधी हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको,

(ख) पचपन्न बर्ष उमेर ननाघेको ।

(४) कार्यकारी प्रमुखको नियुक्तिका लागि प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव सदस्य रहेको एक छनौट समितिको गठन गर्नेछ र त्यस्तो समितिले प्रतिस्पर्धाको आधारमा तोकिएबमोजिमको कार्यविधि पूरा गरी कार्यकारी प्रमुखको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम प्रदेश सरकारमा सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये एकजनालाई प्रदेश सरकारले कार्यकारी प्रमुख पदमा नियुक्त गर्नेछ ।

(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ ।

(७) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछ:-

(क) निजले आफ्नो पदबाट प्राधिकरण समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम प्रदेश सरकारले कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउनु अघि सफाइको उचित मौका दिनुपर्नेछ ।

१५. **<u>कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार</u>:** (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको बैठकमा पेश गरिने प्रस्तावहरूको सूची तयार गर्ने,

(ख) प्राधिकरणमा प्राप्त भएका प्रस्तावहरूको सूची तयार गरी मूल्याङ्कन सहित प्राधिकरण समक्ष पेश गर्ने,

(ग) प्राधिकरणबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) प्राधिकरण तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्ने,

(ङ) प्राधिकरणबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(२) कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **प्राधिकरणको कर्मचारीः** प्राधिकरणको कार्यसञ्चालनको निमित्त आवश्यक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ।

१७. **प्रतिवेदन पेश गर्नु पर्नेः** प्राधिकरणले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. **यसै ऐन वमोजिम हुनेः** यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन वमोजिम र यस ऐनले नसमेटेका विषयमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१९. **निर्देशन दिन सक्नेः** प्रदेश सरकारले प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

२०. **प्रदेश सरकारसँग सम्पर्कः** प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. **प्राधिकरणको विघटनः** (१) कुनै मनासिव माफिकको कारणबाट प्राधिकरणलाई खारेज गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा प्राधिकरण विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरण विघटन भएमा प्राधिकरणको सबै सम्पत्ति, हक र दायित्व प्रदेश सरकारमा सर्नेछ।

२२. **नियम, विनियम र कार्यविधि बनाउने अधिकारः-** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्राधिकरणले आवश्यक विनियम र कार्यविधि बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७५/१२/२५

**आज्ञाले,**

**फणिन्द्र मणि पोखरेल**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-